# ४. छापामा दलितका समाचार : विषयवस्तु विश्लेषण

- प्रमोद भट्ट

नेपालमा जातीय छुवाछूत विरुद्धका संगठित आवाजहरु छिटपुट रुपमा राणाकाल देखि नै उठ्न थालेका हुन्। २००७ सालको प्रजातन्त्र र अझ भन्नु पर्दा २०२० को मुलुकी ऐनले यस कार्यमा सहयोग पुऱ्याएको पाइन्छ। तर २०४६ सालको जनआन्दोलनपश्चात् मात्र दलित मुक्तिका आवाजहरु बुलन्द भएका हुन्। फलस्वरुप जातीय छुवाछूत अन्त्य गर्ने अभियानहरु पनि अझ व्यापक रुपमा अघि बढिरहेको देख्न सकिन्छ। यसको साक्षीका रुपमा हामीले नेपाली छापा जगत्लाई लिन सक्छौं। केही वर्षयताका पत्रपत्रिकाहरुलाई सरसर्ती हेर्दा पनि नेपाली छापा जगत्ले दलितका समाचारलाई बढी स्थान र महत्त्व दिइरहेको आभास हुन्छ जुन आफैमा एउटा सकारात्मक र सराहनीय पक्ष हो। यो एकातिर पत्रपत्रिकाहरुको प्रजातान्त्रिक दायित्व हो भने अर्कातिर दलित आन्दोलनको सफलताका लागि अपरिहार्य पनि हो।

दलित मुक्ति आन्दोलनले यति लामो फड्को मारिसकेको अवस्थामा यसका पक्षधरहरुले आन्दोलनको वर्तमान स्थितिलाई बुझ्नु र केलाउनु आवश्यक छ। यसो गर्नका निम्ति हामीले छापाको सहयोग लिनै पर्ने हुन्छ। नेपाली छापा जगत्ले नेपालका दलितहरुलाई कसरी चित्रण गरिरहेका छन्? उनीहरुका बारेमा के कस्ता समाचारहरु के कस्ता स्वरुपमा पाठकसामु प्रस्तुत भएका छन्? दलित आन्दोलनका वैचारिक पाटाहरु के हुन्? यी प्रश्न र यिनका उत्तरहरु दलित मुक्तिमा लागिपरेका सबैका लागि सान्दर्भिक र महत्त्वपूर्ण छन्। यस अध्ययनमा छापाका यस्तै खालका विषय वस्तुहरुको विश्लेषण गर्न खोजिएको छ।

## अध्ययन-विधि

समाचारका विषयवस्तु विश्लेषण गर्ने सिलसिलामा हामीले राष्ट्रिय मूल प्रवाहका केही पत्रपत्रिकाहरुलाई छनोट गरेका हौं। जम्मा ३ वटा राष्ट्रिय दैनिक, १७ वटा साप्ताहिक र ५ वटा म्यागेजिनहरुलाई हामीले समाचार सामग्रीका स्रोतका रुपमा समेटेका हौं (हेर्नुहोस्, अनुसूची ग)। यी सबै पत्रिकाहरुका २०४६ सालपछिका अङ्कहरु मात्र हामीले यस अध्ययनमा समावेश गरेका छौं। यसो गर्नुको पछाडिको मुख्य कारण २०४६ सालपछिका दिनहरुमा दलितका समाचारमा बृद्धि हुनु नै हो। तर यसै समयावधिभित्रका पनि छनोट भएका पत्रिकाका सबै अङ्कहरुलाई समावेश गरेका छैनौं। पर्याप्त स्रोत-साधन र समयको अभावले गर्दा पनि हामीले सबै कालखण्डमा प्रकाशित भएका सबै पत्रपत्रिकाहरुलाई समेट्न सकेका छैनौं। तर छनोट भएका समयावधिका यी पत्रिकाहरुले दलितका समाचारका विषयवस्तुको पूर्ण प्रतिनिधित्व गर्छन् भन्ने हाम्रो मान्यता छ।

यो एक विवेचनात्मक अध्ययन हो। हामीले कुन पत्रिकाले दलितका बारेमा

कतिवटा समाचार प्रकाशित गरे भनी संख्यात्मक विश्लेषण गर्न खोजेका होइनौं। हामीले त खाली प्रारम्भिक अन्वेषण गरेर भविष्यमा गर्न सकिने यस्ता खालका बृहत् अध्ययनका लागि एउटा आधार खडा गर्ने जमर्कोसम्म गरेका छौं। त्यसैले हाम्रो यो अध्ययन समाचारका गुणात्मक पक्षतिर केन्द्रित भएको छ।

रिपोर्टिङ

संख्यात्मक हिसाबले हेर्दा वैचारिक लेखन र खोजमूलक लेखनका तुलनामा रिपोर्टिङ अत्यधिक संख्यामा देखिन्छन्, चाहे त्यो दैनिक पत्रिकामा होस् वा साप्ताहिकमा। रिपोर्टिङमा दलितसम्बन्धी विविध पक्ष, गतिविधि र घटनालाई आकर्षक शीर्षक भएको छोटो समाचारका रुपमा प्रवाहित गरिएको हुन्छ। तर यिनमा दलित जातजातिका बारेमा समाजशास्त्रीय चिन्तन, दर्शन लगायत अन्य वैचारिक र सैद्धान्तिक बहस, विषयप्रतिको गहनता जस्ता कुराहरु भेटिंदैनन्। यति हुँदा हुँदै पनि दलित उत्पीडनका विविध स्वरुप, मुक्ति आन्दोलनका गतिविधिहरु र यसका पक्षधरहरुबारे पाठकसामु खबर पुऱ्याउने कार्य, दलित उत्थानका लागि सरकारी प्रयासको लेखाजोखा र दलितप्रतिका विभिन्न राजनीतिक पार्टीहरुको अवधारणा सार्वजनिक गर्ने काम यस्ता रिपोर्टिङहरुले गर्दै आएका छन्। त्यसैले आम जनतामा यस्ता रिपोर्टिङहरुले सकारात्मक प्रभाव पार्दै आएका छन् भन्नेमा दुई मत नहोला।

रिपोर्टिङमा प्रकाशित हुने समाचारहरु प्रायजसो सम्वद्ध छापाघरका कर्मचारीले नै प्रेषित गर्ने हुँदा नाम उल्लेख गरिएको हुँदैन। त्यसैले यी समाचार दलित वा गैर दलित कसले लेखेका हुन् भनेर स्पष्ट थाहा हुन सक्दैन। तर हालै गरिएको सर्वेक्षणले नेपाली छापा जगत्मा दलितहरुको प्रतिनिधित्व नगण्य देखाएकाले यस्ता संवाददाताहरु गैर दलित नै धेरै भएको अनुमान गर्न सकिन्छ। नाम उल्लेख भएका रिपोर्टिङहरुमा पनि दलितभन्दा गैर दलितको नाम नै धेरै पाइएको छ।

समाचारको प्रकृतिलाई दृष्टिगत गर्दा रिपोर्टिङलाई निम्न उल्लिखित विषयहरुमा वर्गीकरण गर्न सकिन्छः

(क) दलित-उत्पीडन समस्याः दलित जातिको मुख्य समस्या भनेको जन्मगत आधारमा गरिने छुवाछूत, जातीय भेदभाव र उत्पीडनको समस्या हो। वर्तमान प्रजातान्त्रिक समाजमा जातीय छुवाछूत कुप्रथा मात्र नभएर गैरकानूनी कार्य हो। तर ठूलो संख्यामा देशका विभिन्न भागबाट रिपोर्टिङ भइरहेका यस्ता प्रकारका समाचारले जातीय उत्पीडनको सामाजिक व्यापकतालाई पाठकसामु प्रस्तुत गरेका छन्। छापामा पाइएका समाचारहरुले जातीय भेदभाव, छुवाछूत र उत्पीडनका विभिन्न स्वरुपहरु झल्काएका छन्। जस्तै– सार्वजनिक धारा-पँधेरामा पानी भर्ने समस्या, दलित भएकै कारण मन्दिर-प्रवेशमा रोक, यदि प्रवेश गरिहाले पनि कुटपिट र दण्डसजाय भोग्नु पर्ने, डेरीमा दूध अस्वीकृत, सरकारी कार्यालयमा भेदभाव, तालिममा भेदभाव, राजनैतिक पार्टीभित्र पनि भेदभाव, स्कूलमा भेदभाव, चियापसल छोइएकोमा दण्ड सजाय, अन्जानमा घर छोइएकामा दण्डजरिवाना, सिनो फाल्न नमान्दा सार्वजनिक नाकाबन्दी, मृत्युपश्चात् शंख बजाएर ब्राह्मणका कर्मकाण्ड अपनाउँदा कुटपिट, माओवादी प्रभावित क्षेत्रमा कामीहरु

प्रहरीको यातनाबाट पीडित, दलितभित्रैको छुवाछूत, दलितभित्रको महिला उत्पीडन जस्ता विभिन्न शीर्षकहरुमा यस्ता रिपोर्टिङहरु पत्रिकामा प्रशस्त पढ्न पाइन्छन्। यसका साथै छापामा उत्पीडन, अन्तर्जातीय प्रेमविवाह गर्ने महिलालाई यातना, नागरिकता समस्या, आर्थिक र शैक्षिक उत्पीडन पनि यथावत् छन् भन्ने समाचार यस्ता रिपोर्टिङमा पढ्न पाइन्छ। केही समाचारमा उत्पीडनका कानूनी पक्षहरु पनि झल्काइएका छन्। छुवाछूत मुलुकी ऐन र २०४७ को संविधान विपरीत छ र यो गैरप्रजातान्त्रिक कार्य हो भन्ने कुरा यस्ता रिपोर्टिङमा देख्न सकिन्छ। देशका शहरी, ग्रामीण, पहाडी, तराईं सबै भेगबाट रिपोर्टिङ भएका यस्ता समाचारले छुवाछूतको सर्वव्यापकतालाई पनि प्रस्ट्याएका छन्।

(ख) दलित उत्थानका लागि सांगठनिक गतिविधिः यस्ता रिपोर्टिङहरुमा दलित उत्थानमा लागिपरेका संघ संगठनहरुका गतिविधिहरुलाई नै समाचारको विषयवस्तु बनाइएको हुन्छ। सांगठनिक गतिविधिको रिपोर्टिङ अधिक मात्रामा भइरहेको देख्न सकिन्छ।

छापामा पाइएका समाचारमध्ये केहीले भविष्यमा हुने भनिएका अधिवेशन, सम्मेलन, गोष्ठी, अन्तरक्रिया, भेला आदिका बारेमा जानकारी दिएका छन्। 'मुक्ति समाज सम्मेलनको तयारीमा जुट्यो', 'दलित मुक्ति दिवस मनाइने', 'दलितहरुले मुलुकी ऐन दिवस मनाउने', 'दलित अनसन बस्ने', 'मुक्ति समाजले संघर्ष गर्ने', 'दलितले सिंहदरबार घेर्ने', 'दलितहरु राष्ट्रिय सम्मेलनतिर' जस्ता शीर्षकमा प्रकाशित हुने यस्ता समाचारहरुले पाठकहरुलाई कहाँ, कहिले, के हुँदैछ भन्ने जानकारी दिँदै आएका छन्। संवन्धित संघ-संगठनद्वारा आयोजना गरिएका पत्रकार सम्मेलन वा प्रेस वक्तव्यहरु नै यस्ता समाचारका स्रोत हुने गरेका छन्। त्यसै गरी समाचारहरुले सम्पन्न भइसकेका कार्यक्रमका बारेमा पनि जानकारी दिएको पाइन्छ। यस्ता समाचारहरुमा दलितका संघ-संस्था गठन भएको, कार्य समितिको गठन र पुनर्गठन भएको, सम्मेलन, भेला, गोष्ठी सम्पन्न भएका समाचारहरु पढ्न पाइन्छन्। त्यस्तै दलितभित्रै पनि विद्यार्थी, युवा, महिला आदिका छुट्टाछुट्टै संगठन र समूहगठन भएका समाचारहरु प्रकाशित भएका छन्। साप्ताहिक पत्रपत्रिकाहरुले आफ्ना राजनीतिक विचारधाराका पार्टीका दलित भ्रातृसंगठनका बारेमा पनि समाचार बारम्बार दिँदै आएका छन्। त्यसै गरेर संगठनभित्रका एकता, विभाजन, आरोप, प्रत्यारोप र गाली-गलौज (विशेष गरेर मुक्तिसमाज टुक्रिएपछि बनेका एमाले र माले समर्थित मुक्तिसमाजहरु) बारे पनि धेरै रिपोर्टिङ भएका छन्। अन्य संगठनका तुलनामा नेपाल उत्पीडित जातीय मुक्ति समाज, नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज, जातीय समता समाज, नेपाल दलित मुक्ति मोर्चाबारे धेरै समाचारहरु पढ्न पाइन्छन्।

(ग) दलित उत्थानका गतिविधिः यसअन्तर्गत सरकारी र गैरसरकारी दुवैतर्फबाट दलित उत्थानका निम्ति भइरहेका सुधारवादी गतिविधिहरुका रिपोर्टिङहरुलाई लिन सकिन्छ। 'दलित विद्यार्थीलाई छात्रवृत्ति', 'दलित उत्थानमा योगदान पुऱ्याउनेलाई सम्मान', 'दलित वर्ग विकास समितिलाई स्वायत्त बनाउन विधेयक ल्याइने', 'छुवाछूत अन्त्य गर्न विचार गोष्ठी', 'सामुदायिक गतिविधिमा दलितको सहभागिता', 'स्थानीय निकायले दलित विद्यार्थीका लागि बजेट छुट्टयाउन ज्ञापन पत्र बुझायो', 'जातीय छुवाछूत हटाउन थप कानूनको

आवश्यकता', 'सरकारी कार्यक्रमबारे जानकारी', दलितहरुको सशक्तीकरण', 'दलित वर्गको उत्थानका लागि सरकार प्रयत्नशील' जस्ता शीर्षकहरुमा प्रस्तुत भएका समाचारहरुले दलित उत्थानका दिशामा गफ प्रशस्त भएको तर ठोस कार्यक्रम नभएको र भएका कार्यक्रम पनि सतही मात्र भएको तर्फ इङ्गित गरेका छन्।

(घ) दलित आन्दोलनः यस समूहअन्तर्गत स्वयं दलित र उत्पीडितहरुले छुवाछूत र जातीय उत्पीडनका विरुद्ध गर्दै आएका संगठित संघर्षहरुलाई लिन सकिन्छ। छुवाछूतसम्बन्धी घटनामा केन्द्रित रहेर गरिएका यस्ता संघर्षहरु समाचारमा आक्रामक ढंगले प्रेषित गरिएका हुन्छन्। 'दलितले दिउँसै लालटिन बालेर न्यायको खोजी गरे', 'दलितहरु गर्जे', 'दलितहरुले सिंहदरवार घेर्ने', 'दलित छुवाछूत विरुद्ध एक भए', 'बाजागाजा सहित दलितहरु मन्दिर प्रवेश गरे', 'दलितका कुवा उभाउ आन्दोलन', 'दलितहरुले उत्पीडकलाई कारवाही गरे', 'दलितहरु संघर्षमा जुटे', 'दलितले सिनो नफाल्ने निर्णय गरे', 'दलितको विरोध जुलुस' जस्ता शीर्षकका दलित आन्दोलन वा संघर्षका गतिविधिहरु पाठकसामु प्रस्तुत हुने गरेका छन्। यसका साथै केही समाचारहरुले दलित आन्दोलनभित्रैको फुटलाई पनि झल्काएको पाइन्छ। समग्रमा दलित आन्दोलन कुनै निश्चित घटनाका परिसरमा हुने गरेका क्षणिक संघर्ष मात्र साबित भएका छन् भन्ने कुरा प्रस्ट रुपमा देख्न सकिन्छ।

(ङ) विविधः माथि उल्लेख गरिएका बाहेक अन्य विषयहरुमा पनि दलितसम्बन्धी रिपोर्टिङ हुने गरेका छन्। दलितसँग सम्वन्धित चलचित्र, साहित्यिक पुस्तकहरु, सडक नाटक आदिको छोटो समीक्षा र जानकारी रिपोर्टिङहरुमा हुने गरेको पाइन्छ। विभिन्न राजनीतिक पार्टीका दलितप्रतिका प्रतिबद्धताहरु पनि बेलाबखत समाचारका विपयवस्तु बन्ने गरेका छन्।

## खोजमूलक लेखन

यस अध्ययनमा हामीले खोजमूलक लेखन भन्नाले दलितसँग प्रत्यक्ष सरोकार राख्ने कुनै पक्ष, घटना वा गतिविधिको अलि गहिरो अध्ययन र अनुसन्धानलाई मानेका छौं। यस अर्थमा अलि गहन खालका रिपोर्टिङ र घटना विवरणलाई खोजमूलक लेखनमा समावेश गरेका छौं। साप्ताहिक पत्रिकाहरुभन्दा दैनिक, पाक्षिक र मासिक पत्रिकाहरुमा यस्ता लेखहरु बढी पाइएका छन्। तर सामान्य रिपोर्टिङ र वैचारिक लेखनसमेतका तुलनामा खोजमूलक लेखहरु कम पढ्न पाइन्छन्। यसबाट के अड्कल काट्न सकिन्छ भने दलित मुक्ति वा उत्थानको वैचारिक चिन्तन यथार्थवादी धरातलबाट कमै मात्रामा आइरहेको छ।

दलितसम्बन्धी खोजमूलक लेखनले दलितका विविध पक्षलाई समेटेको देखिन्छ। विषयवस्तुका आधारमा यस्ता लेखहरुलाई निम्न किसिमले वर्गीकरण गर्न सकिन्छ :

(क) दलितको संस्कृति, जीवन र उत्पीडनः यस समूहका लेखहरुमा विभिन्न दलित जातिहरुको जीवन र संस्कृतिको चित्रण गरिएको हुन्छ। अन्य जातिका तुलनामा मुसहर, दुसाध, गाइने (गन्धर्व), डुम जातिले बढी प्राथमिकता पाएको देखिन्छ। 'संरक्षणको पर्खाइमा मुसहर जाति', 'मुसहरहरु

मुसाको आहाराले भोक मेट्छन्', 'गरीब भए पनि खर्चिलो चाड मनाउने हुम्ली डुमहरु', 'सारंगीमा रमाउने गाइनेहरु', 'बिहेमा केटाले केटीको, केटीले केटाको रगत खानै पर्ने अनौठो संस्कार' जस्ता शीर्षकमा प्रकाशित यस्ता लेखहरुले यी जातिका मौलिक परम्पराको वर्णन गरेका छन्। यसका साथै अन्त्यतिर यस्ता मौलिक संस्कृतिको संरक्षण गर्नुपर्ने सुझाव समेत यी लेखहरुले दिएका छन्।

खोजमूलक लेखहरुले दलित जातिहरुका साझा र विशिष्ट खालका उत्पीडन समस्या पनि झल्काएका छन्। अछूत भएकै कारण देशका विभिन्न भागमा दलितहरुले उत्पीडनका विभिन्न स्वरुप भोग्नु पर्ने, जस्तै- दलितले डेरा नपाएका र जात छिपाएर बस्दा पनि जात खुलेपछि कुटपिट र रुद्री लगाउनसमेत पैसा दिएको घटना, माथिल्लो जातिबाट दुध किन्न माग्दा कुटाई खानुपर्ने, सार्वजनिक धारामा पानी खान नपाउने र पानी खान आकासे वर्षा कुर्नुपर्ने, दलित जनप्रतिनिधिले समेत जातकै कारणले अरुका घरमा छिर्न वा सार्वजनिक स्थलमै पनि अरुसँग चिया-नास्ता खान नपाउने जस्ता यथार्थ घटनाहरु यस्ता लेखहरुमा आकर्षक तरीकाले प्रस्तुत गरिएका हुन्छन्। अन्तर्जातीय यौनसम्बन्ध र विवाह तथा यसबाट सिर्जिने उत्पीडनका समस्या, वादी जातिको परम्परागत वेश्यावृत्ति पेसा र एड्सको सम्भावना, दलित भएकै कारण मुसहर, चमार, दुसाध, डुम जस्ता अति पिछडिएका जातिहरुमा व्याप्त अशिक्षा, गरीबी, रोग-व्याधि, नागरिकता समस्या, भूमिहीनता, अर्काको हरुवा चरुवा भएर बस्नुपर्ने, वाध्यता, चेतनाको कमी, उनीहरुमा व्याप्त शोषण जस्ता पक्षहरुलाई यस्ता लेखहरुमार्फत पाठकसामु प्रस्तुत गरिएको पाइन्छ। साथै केही लेखहरुमा यस्ता उत्पीडन अन्त्य हुनुपर्नेतर्फ पनि पाठकको ध्यान आकृष्ट गर्न खोजेको पाइन्छ।

(ख) शिक्षाः यसतर्फका लेखहरुले शिक्षामा दलितहरु निकै पछाडि रहेको तथ्यलाई औंल्याएका छन्। यस्ता लेखमा कसरी दलित भएकै कारणले गर्दा तल्लो जातका मानिसहरु शिक्षाबाट विमुख हुन्छन् भन्ने घटनाहरु पाठकसामु प्रस्तुत गरिएका छन्। अछूत भएकै कारणले पढ्न नपाउने र स्कूल गए पनि आफ्नै सहपाठी र गुरुहरुबाट जातीय भेदभाव भोग्नुपर्ने, कक्षाकोठा बाहिरै बस्नुपर्ने, परीक्षा केन्द्रमा जाँच दिन जाँदा बास नपाउने, व्याप्त गरीबीले गर्दा पढ्न जान नपाउने जस्ता विषयहरु मार्फत यस्ता लेखहरुले दलित जातिको शैक्षिक स्थितिको चित्रण गरेका छन्। साथै डा. विद्यानाथ कोइरालाको एउटा लेखमा शिक्षाले दलित जातिमा के-कस्तो असर परेको छ र दलितले शिक्षालाई कसरी हेरे भन्ने कुरा देखाउन खोजिएको छ। त्यसै गरी शैक्षिक कार्यक्रमहरुले दलितका शिक्षामा केकस्तो असर पारे भन्ने पनि देखाउन खोजिएको छ। त्यस्तै श्री ५ को सरकारद्वारा संचालित दलित छात्रवृत्ति कार्यक्रमले यस समुदायमा खासै सकारात्मक असर पार्न नसकेको र यो कार्यक्रम कागलाई बेल पाकेसरह भएको तथ्य पाठकसामु प्रस्तुत गरिएको छ। त्यसै गरी सामाजिक भेदभावका कारण दलितहरुका लागि छुट्टै कक्षाहरु संचालन भइरहेका र मुलुकको एक भागमा त झन् दलितलाई व्यक्तिविशेषको पहलमा वैदिक शिक्षा दिएर छुवाछूत विरोधी आन्दोलन चलाइरहेको घटना विवरण पनि प्रकाशित भएका छन्।

(ग) दलित उत्थानका प्रयासहरुः यस समूहका लेखहरुले दलितको उत्थानका लागि भइरहेका विभिन्न किसिमका प्रयासहरुको तथ्यपूर्ण समीक्षा गरेर यस्ता कार्यक्रमहरुका राम्रा नराम्रा पक्षहरु

पाठकसामु प्रस्तुत गरेका छन्। 'हिमाल' पाक्षिक खबर पत्रिकामा प्रकाशित एउटा खोजपूर्ण लेख 'दलितको नाममा अरुको रजाइँ' मा दलित उत्थानका नाममा वर्षेनी छुट्ट्याइने गरेको करोडौंको सरकारी बजेटमा कसरी केही दलित नेता र गैर दलितहरुले मोजमस्ती गरिरहेका छन् भन्ने तथ्य देखाइएको छ भने 'देशान्तर'मा प्रकाशित भएको 'दलित उत्थानको योजना एउटा छ, काम अर्कै' शीर्षकको लेखमा दलितहरुको उत्थानका लागि पञ्चवर्षीय योजनाअन्तर्गत काम भइ नरहेको र दलित वर्ग विकास समिति पनि स्थानीय विकास मन्त्रीका कार्यकर्ता भर्ती गर्ने केन्द्र भएको औंल्याइएको छ। त्यसै गरेर 'आजको समाचार पत्र'मा प्रकाशित लेख 'मुसहरको आँगनमा डलरखेतीको नाँच' मा मुसहरहरुको दयनीय स्थितिको चित्रण गरेर कसरी उनीहरुलाई उपेक्षा गर्दै आइएको छ भन्ने तथ्य देखाइएको छ।

यसका विपरीत केही लेखहरुले दलित वर्गलाई यस्ता कार्यक्रमहरुले फाइदा पुऱ्याइरहेको तथ्य प्रकाशित गरेका छन्। गरीबी निवारणसम्बन्धी संयुक्त राष्ट्र संघको सहभागितात्मक कार्यक्रमले पिछडिएको समुदायलाई राहत पुऱ्याइरहेको, दलित उत्थानसम्बन्धी कार्यक्रमहरुले विदेशिनेको संख्यामा कमी ल्याएको, चेतना अभिवृद्धि तथा आय आर्जनसम्बन्धी विभिन्न कार्यक्रमहरुले दलित जीवनका विभिन्न पक्षमा क्रमिक सुधार भइरहेको कुरा यस्ता लेखहरुमा पढ्न पाइन्छ।

दलित जातिहरुले आफूभित्रै खानपान चलाएर आफूभित्रैको छुवाछूत हटाइरहेको, गा.वि.स.ले समेत दलितका छोराछोरीलाई छात्रवृत्ति रकम प्रदान गरेको र दलितहरुलाई विभिन्न विकास कार्यक्रममा सहभागी गराएर सम्मान गरेको, दलित महिलाहरु विभिन्न संघसंस्थामार्फत संगठित भएपछि छुवाछूतको भेदभाव घट्दै गएको, लाहानमा चमारहरु माथि लागू गरिएको सार्वजनिक नाकाबन्दीपश्चात् मानव अधिकारवादी संगठनहरुले यी चमारसँग सहभोज गर्दा उनीहरुको आत्मसम्मान र आत्मबल बढेको जस्ता घटना विवरणहरु पनि यस्ता खोजमूलक लेखहरुमा पढ्न पाइन्छन्। साथै एउटा लेखमा त अदालतको छुवाछूत विरुद्धको फैसलाले मात्र जातीय भेदभाव नमेटिएको र यस्तो भेदभाव अन्त्य गर्नका लागि क्रान्तिकारी कदम चाल्नै पर्नेतर्फ पनि औंल्याइएको छ।

(घ) परम्परागत पेसाः यस समूहका कुनै लेखहरुमा दलितहरुले परम्परागत पेसा त्याग्दा दुःख भोगिरहेको र केही लेखहरुमा परम्परागत पेसाबाट विस्थापित भएर दलित जातिहरुले दुःख पाइरहेको तथ्य देखाइएको छ। एउटा लेखमा कुनै पेसा अपनाएकै भरमा अछूत ठानिने गलत परम्पराको शिकार भएका चमारहरुले छूत हुन आफ्नो पेसा त्याग्ने आन्दोलन चलाउँदा लाहानमा सार्वजनिक नाकाबन्दीको मारमा परेको घटना विवरण प्रस्तुत गरिएको छ भने अर्कोमा परम्परागत पेसा त्याग्दा पनि हीनपेसागत शब्द र गाली गलौजबाट अपमानित हुनु परेको दलितको गुनासो पनि प्रकाशित गरिएको छ।

'छालाको व्यवसायबाट विस्थापित हुँदैछन् रामेछापका सार्कीहरु', 'परम्परागत पेशाबाट टाढिँदै छन् दर्जीहरु', 'चमारहरु आर्थिक कारणले गर्दा परम्परागत पेसा छोड्न बाध्य' जस्ता शीर्षकका लेखहरुमा कसरी आधुनिक सीप, ज्ञान, साधन, स्रोत र औद्योगिकीकरणका कारण दलित

जातिहरु आफ्नो पुर्ख्यौली पेसाबाट विस्थापित भएर विपन्नता र बेरोजगारीतर्फ धकेलिइरहेका छन् भन्ने देखाउन खोजिएको छ।

(ङ) दलित मन्दिर प्रवेशः यसअन्तर्गत दलितहरु हिन्दू भएर पनि मन्दिर प्रवेश गर्न नपाउने तीतो सत्यलाई प्रस्तुत गर्नुका साथै उनीहरुले मन्दिर प्रवेशका लागि गरेका संघर्षहरुको विस्तृत विवरण समेटेको देखिन्छ। 'मन्दिर पस्न नपाउने हिन्दूहरु', 'जहाँ पशुको बलि चढ्छ, तर मान्छेबाट पूजा चल्दैन' जस्ता शीर्षकका लेखहरुमा तल्लो जातिकै भएको कारण हिन्दू भएर पनि मन्दिर प्रवेश गर्न नपाइने यथार्थताबारे चित्रण गरिएको छ। त्यसै गरेर विभिन्न संघ-संगठनहरुको पहलमा दलितहरुले देशका विभिन्न भागमा मन्दिर प्रवेश गरेको र यस क्रममा भएका झडप, संघर्ष र प्राप्तिको बेलीविस्तार पनि केही खोजमूलक  लेखहरुमा गरिएको छ। यी लेखहरुमा दलितको मन्दिर प्रवेशलाई जातीय भेदभाव विरुद्धको सशक्त कदमका रुपमा चित्रण गरिएको देखिन्छ।

(च) दलित महिलाः थोरै संख्यामा मात्रै भए पनि दलित महिलासम्बन्धी खोजमूलक लेखन भएको पाइएको छ। तर सबै लेखहरु पुरुषहरुले नै लेखेका छन्। 'दलित महिलाको विचार गोष्ठीः एक चर्चा' शीर्षकको लेखमा दलित महिला संघले आयोजना गरेको 'महिला उत्पीडनभित्र दलित महिला' विषयक विचारगोष्ठीको चर्चा गर्दै जनवादी क्रान्तिबाट मात्रै दलित महिलाको मुक्ति संभव भएको तर्फ औंल्याइएको छ अर्को एउटा लेखमा देशका विभिन्न भागमा घटिरहेका दलित महिला विरुद्धका घटनाहरुका माध्यमबाट दलित महिलाको दर्दनाक स्थिति देखाइएको छ। केही लेखहरुमा दलित महिला विरुद्ध हुने गरेको यौनशोषण र यसबाट उत्पन्न समस्यासम्बन्धी कारुणिक चित्रण पनि गरेको पाइएको छ।

(छ) विविधः माथि उल्लिखित विषयबाहेक अन्य विषयहरुमा पनि खोजमूलक लेखन भएको छ। चेतनाको अभावमा तल्लो जातको मताधिकार पनि कुण्ठित भएको, कानूनी रुपमा समानता पाएका दलितहरु व्यावहारिक रुपमा 'अछूत' नै रहेका, भेदभावको कारण आफ्नो जात छिपाउँदा दलित जनसंख्या पनि तथ्याङ्कमा घटिरहेको कुरा लेखिएको पाइन्छ। यसबाहेक सार्वजनिक ठाउँमा भेदभाव गरेका विरुद्ध दलितहरु संगठित भएको घटना विवरण, दलित आन्दोलनका लागि खुलेका केही संगठनहरु नै दलित मुक्तिका बाधक बनेको, केही संगठनहरुका सम्मेलनहरुका विवरणसम्बन्धी लेखन पनि भएको छ। त्यसै गरेर दलित विरुद्ध उत्पीडन गर्ने व्यक्तिहरुले माफी मागेका कुरा, दलितहरुको थर, गोत्र र जीवनशैली नै परिवर्तन गरिएको घटना, विभिन्न दलित जात, जातिभित्र नै जरो गाडेको छुवाछूतसम्बन्धी खोजमूलक लेखन भएको पाइन्छ।

यसरी समग्रमा भन्नुपर्दा खोजमूलक लेखनमा विषयगत विविधता भए पनि गहनता भने कमै पाइन्छ। धेरै गहिरो अध्ययन-अनुसन्धान नगरीकनै लेखिएका यस्ता लेखहरु सतही छन् र तिनले खासै नौला कुराहरु पाठकसामु प्रस्तुत गरेर वैचारिक चिन्तनलाई प्रभाव पार्न खोजेको देखिँदैन। यस्ता लेखहरुमा समाजशास्त्रीय चिन्तन र दृष्टिकोणको अभाव रहेको देखिन्छ। साथै यस्ता लेखहरु दलितभन्दा गैर दलितहरुले नै बढी लेखेको पाइन्छ।

वैचारिक लेखन

दलितसम्बन्धी वैचारिक लेखन विभिन्न धरातलबाट लेखिएको पाइन्छ। यस्ता लेखहरु मूलतः तीन किसिमले प्रस्तुत भएका छन्। पहिलो- वास्तविक घटनालाई आधार मानेर लेखिएका निष्कर्षसहितका लेखहरु, जसमा केही सम्पादकीयहरु पनि पर्दछन्। दोस्रो- दलित मुक्तिको प्रयासमा लागिपरेका दलित वा गैर दलित व्यक्तिका अन्तर्वार्ता र तेस्रो पूर्णतया वैचारिक लेखहरु, जुन सम्पादकीय र साधारण लेख (व्यक्ति विचार) का रुपमा लेखिएका छन्। रिपोर्टिङको तुलनामा वैचारिक लेखहरु निकै कम संख्यामा देखिन्छन् र यस्ता लेखहरुले प्रायजसो दलित उत्पीडन र मुक्तिका सवालमा ध्यान केन्द्रित गरेको देख्न सकिन्छ। यस्ता लेखहरुमा प्रष्ट रुपमा के देख्न सकिन्छ भने लेखहरुको वैचारिक धरातल तटस्थ नभएर पत्रिकाको राजनीतिक वैचारिक धरातलसँगै गाँसिएको हुन्छ। दैनिक पत्रिकाहरु राजनीतिक हिसाबले तटस्थ देखिन खोज्ने हुनाले यिनीहरुमा प्रकाशित लेखहरुमा वर्तमान प्रजातान्त्रिक व्यवस्थाभित्रै चाहे सुधारवादी कदमबाट होस् या चाहे सामाजिक क्रान्तिको माध्यमबाट होस्, दलितको उत्थानका प्रयासहरु गर्नुपर्ने औँल्याइएको देखिन्छ। तर साप्ताहिक पत्रिकाहरुमा चाहिँ यस्तो राजनीतिक झुकावट प्रष्ट रुपमा देख्न सकिन्छ। जस्तै- वामपन्थी र उग्र वामपन्थी विचारधाराका पत्रिकाहरुले वर्गीय आन्दोलन वा सशस्त्र जनवादी आन्दोलनले मात्र जातीय मुक्ति सम्भव हुने कुरा लेख्दै आएका छन् भने नेपाली काँग्रेसको राजनैतिक विचारधारासँग सहमत पत्रिकाहरुले सामाजिक चेतना, शिक्षा र विकासको विस्तारमा जोड दिएको पाइन्छ। लेखकको विचारलाई सम्बन्धित पत्रिकाले निर्दिष्ट गरेको वा त्यस्तो खालको लेखले मात्र उक्त पत्रिकामा प्रश्रय पाएको हो भन्ने चाहिँ भन्न गाह्रो छ। तर साप्ताहिक पत्रिकाका तुलनामा दैनिक पत्रिकाहरुमा अलि बढी वैचारिक विविधता पाइन्छ।

वास्तविक घटनामा आधारित लेखहरुले देशका विभिन्न भागमा घटिरहेको छुवाछूतका घटनालाई नै आफ्नो लेखको मूल विषयवस्तु बनाएका छन्। झापामा पसलको दूध छोइएकोमा दलित दण्डित भएको, रुपन्देहीमा र चितवनमा दलित कृषकको दूध अस्वीकृत भएको, जुम्लामा दलित स्वास्थ्यकर्मीमाथि पनि जातीय भेदभाव भएको , अछूतसँग खाएकोमा छूत दण्डित भएका जस्ता घटनाहरुलाई यस्ता लेखहरुमा (जुन प्रायजसो सम्पादकीय छन्) विवरण दिएर निष्कर्षसमेत लेखिएको पाइन्छ। जातिभेदको कलङ्क, संवैधानिक प्रावधानको उपहास, छुवाछूतको कलङ्क, दलितका समस्या, अझै छुवाछूत जस्ता शीर्षक राखेर यस्ता लेखहरु लेखिएका पाइन्छन्। प्रायःजसो लेखहरुका निष्कर्षमा इमान्दार प्रयास, शिक्षा र चेतनाको अभावका कारण नै छुवाछूत अन्त्य नभएको, समस्त समाज नै क्रियाशील भएर छुवाछूतको मानसिकता र संस्कार त्याग्नु पर्ने, आवश्यक भए ऐन-कानून नै थप्नुपर्ने तर ऐन-कानूनले मात्र मानवीय धारणामा परिवर्तन ल्याउन असम्भव हुने, अछूत दलितहरुको शिक्षा, स्वास्थ्य, व्यावसायिक प्रशिक्षण, आर्थिक सामाजिक सहभागितामा वृद्धि गरिनु पर्ने कुरा औँल्याएको हुन्छ। दलित उत्थान र मुक्तिको अभियानमा लागेका व्यक्तिहरुका विचार बेलाबखत उनीहरुकै बोलीमा अन्तर्वार्ताका माध्यमबाट पाठकसामु प्रस्तुत भएका देखिन्छन्। अन्तर्वार्ता प्रकाशित भएका व्यक्तिहरु प्रायः गरेर दलित सांसदहरु, दलित संघ-संगठनका उच्चतहमा कार्यरत व्यक्तिहरु र (कम मात्रामा) दलित उत्थानमा लागिपरेका गैर दलित व्यक्तित्वहरु छन्। यी व्यक्तिहरु विभिन्न राजनीतिक आस्था र

दर्शन बोक्ने हुनाले उनीहरुका विचारमा विविधता पाइन्छ। प्रायःजसो वामपन्थी विचारधारा बोकेका दलित व्यक्तिहरुले उत्पीडनको वर्गीय स्वरुपलाई नै बढी जोड दिएको पाइन्छ र वर्तमान राज्य सत्ता र सामाजिक संरचनामा आमूल परिवर्तन नभईकन दलितको वास्तविक मुक्ति नहुने उनीहरुको राय छ। उनीहरुका विचारमा आरक्षण वा विशेषाधिकारका कुराहरुले दलितको वास्तविक मुक्ति त गर्दैनन् तर पनि तिनलाई मुक्तिको माध्यमका रुपमा भने लिन सकिन्छ। उनीहरुका विचारमा दलित उत्पीडनको स्वरुप वर्गीय नै हो। त्यसैले वर्गीय मुक्ति नभईकन जातीय मुक्ति हुन सक्दैन। त्यसैगरी सुधारवादी चिन्तन बोकेका व्यक्तिहरुका अन्तर्वार्तामा त्यस्तै खालका विचार अघि सारिएको पाइएको छ। विकासका कार्यक्रमहरु दलित समुदायमा पुऱ्याउनुपर्ने, दलितहरुलाई उचित संरक्षण वा आरक्षणको व्यवस्था हुनुपर्ने, दलित विकास परिषद् गठन गरिनु पर्ने, निर्णायक तहमा उचित प्रतिनिधित्व हुनुपर्ने जस्ता विचारहरु यस्ता अन्तर्वार्ताहरुमा देख्न सकिन्छ। साथै अन्तर्वार्ताहरुमा ती व्यक्तिहरुले दलित उत्थानका लागि गर्दै आएका प्रयासहरुको पनि छोटो चर्चा गरिएको हुन्छ। अन्य किसिमका वैचारिक लेखनभन्दा अन्तर्वार्ताहरु कम संख्यामा देखिन्छन् र दैनिक एवं मासिक पत्रिकाका तुलनामा साप्ताहिक पत्रिकाहरुमा यिनीहरुको संख्या तुलनात्मक रुपमा बढी पाइएको छ।

सबभन्दा बढी संख्यामा प्रकाशित भएका लेखहरु पूर्णतया वैचारिक लेखनहरु छन्। यिनीहरुका विचार विविध छन् र माथि भनिएजस्तै विभिन्न किसिमका राजनीतिक आस्था र चिन्तनले पूर्वाग्रही छन्। केही लेखहरुले उत्पीडनका विविध स्वरुप र कारणहरु दर्शाएका छन्। जातीय छुवाछूत दरिद्र मानसिकताको उपज भएको, गैर प्रजातान्त्रिक र गैर कानूनी भएको, यो हिन्दू धर्मसम्मत नभएको र नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ को उपधारा ४ र २०२० को मुलुकी ऐनको मर्म विपरीत भएकाले आपराधिक क्रियाकलाप भएको दर्शाइएको छ। तर प्रायःजसो लेखहरुमा दलित उत्पीडनका विविध पक्षहरुलाई झल्काउँदै दलित मुक्ति र उत्थानमा बढी जोड दिएको देखिन्छ। दलित मुक्ति र उत्थानका आवाजहरु विभिन्न धरातलबाट र विभिन्न किसिमले लेखिएका देखिन्छन् जुन उग्र वामपन्थीदेखि दक्षिणपन्थीसम्म छरिएका छन्। जनादेश, हाँक जस्ता उग्र वामपन्थी विचारधाराका पत्रिकाहरुमा दलित उत्पीडनको वर्गीय स्वरुपलाई बढी जोड दिइएको देखिन्छ। बाृमणवादी सामन्ती सोच भएका व्यक्तिहरुले जातीय छुवाछूत कायम गरिराखेको, यस्ता व्यक्तिहरुले राज्य सत्ता लगायतका सामाजिक र आर्थिक संरचनाहरुमा प्रभुत्व जमाइराखेको र यिनीहरु नै हुने- खाने वर्गका भएकाले जातीय छुवाछूत प्रथा कायमै राखेर दलितहरुमाथि शोषण, उत्पीडन गरिरहेको कुरा यस्ता लेखहरुमा पढ्न पाइन्छ। त्यसैले जनवादी आन्दोलनद्वारा वर्तमान शोषणमूलक सामाजिक, आर्थिक र राजनैतिक संरचनाहरुलाई ध्वस्त पारेर आमूल परिवर्तन नगरेसम्म दलितको वास्तविक मुक्ति नहुने विचार यस्ता लेखहरुमा पढ्न पाइन्छ। यस्तै खालका विचारहरु नरम वामपन्थी विचारधाराका पत्रिकाहरुमा पनि पढ्न पाइन्छन् तर तिनीहरुमा वर्गीय सँगसँगै उत्पीडनको जातीय प्रकृतिलाई पनि विश्लेषण गर्न खोजिएको हुन्छ। समग्रमा भन्नुपर्दा वामपन्थी आस्थाका लेखहरुमा जातीय मुक्तिका निम्ति वर्गीय मुक्ति अत्यावश्यक भएको र सामाजिक क्रान्ति बिना यो सम्भव नहुने कुरा प्रस्ट्याइएको छ।

त्यसैगरी दलित उत्थानका कुरा गर्ने वैचारिक लेखहरुमा सुधारवादी प्रक्रिया र

परिवर्तनलाई बढी प्राथमिकता दिइएको हुन्छ। यस्ता लेखहरु नेपाली कांग्रेससँग निकट सम्बन्ध राख्ने साप्ताहिक पत्रिका र तटस्थ जस्ता देखिन खोज्ने दैनिक पत्र-पत्रिकाहरुमा बढी पढ्न पाइन्छन्। दलितलाई प्राथमिकता दिई सामाजिक, आर्थिक र शैक्षिक उत्थानका लागि ठोस कार्यक्रम चलाउनु पर्ने, कानून बलियो बनाउनु पर्ने, दलित र गैर दलित दुबै तहमा व्यापक प्रचारप्रसार र चेतना जगाउनु पर्ने, दलितहरुले संगठित भएर आफूभित्रको हीनताबोध हटाउनु पर्ने र फुटको सट्टा जुटेर दलित आन्दोलनलाई सशक्त रुपमा अगाडि बढाउनु पर्ने कुरा यस्ता लेखहरुमा पाइन्छन्। यसका साथै सरकारी पक्षबाट पनि दलित उत्थानका लागि आवश्यक पहल गर्नुपर्ने, दलित उत्थान विकास परिषद् वा आयोगको गठन गर्नुपर्ने, उनीहरुका लागि विशेष कार्यक्रमहरु लागू गर्नुपर्ने, दलितको प्रतिनिधित्व निर्णायक तहमा हुनुपर्ने, शैक्षिक छात्रवृत्ति दिनुपर्ने, आर्थिक पक्षहरुमा प्राथमिकता दिनुपर्ने जस्ता उत्थानका कुराहरु पनि पाइन्छन्। राजनीतिक पार्टीहरुले पनि चुनावमा दलित प्रतिनिधिहरुलाई प्राथमिकता दिनुपर्ने, दलित उत्थानका लागि प्रतिबद्धता देखाउनु पर्ने, दलित समस्या राष्ट्रिय समस्या हो र यसको समाधानका लागि सबै राजनीतिक दलहरुले एउटा राष्ट्रिय सोच नै अघि सारेर ठोस कार्यक्रम ल्याउनु पर्ने कुरा पनि यस्ता लेखहरुमा पढ्न पाइन्छ।

दलितलाई आरक्षण आवश्यक छ भन्ने कुरा पनि केही लेखहरुमा पढ्न पाइन्छ। यस्ता लेखहरुमा प्रायःजसो दलित उत्पीडनका यावत् कुराहरु लेखिसकेपछि अन्त्यमा गएर मात्रै दलितहरुले सदियौंदेखिको भेदभावको मुआब्जा स्वरुप आरक्षण दिनुपर्ने कुरा लेखिएको हुन्छ। तर आरक्षणको वास्तविक स्वरुप के हुने, यदि आरक्षण प्राप्त भएमा वास्तविक रुपमा कसरी लागू गर्ने भन्ने पक्षतिर यी लेखहरुले ध्यान पुऱ्याएको देखिँदैन। साथै आरक्षणमा पनि मत भिन्नता पाइन्छ। त्यसैले यस्तो विषयमा राष्ट्रिय छलफल चलाउनु नै आवश्यक देखिन्छ। अझ केही लेखले त आरक्षण आवश्यक नभएको बरु विशेष संरक्षण चाहिएकोतर्फ पनि औंल्याएका छन्। आरक्षणको माग गर्ने लेखहरुले आरक्षण संविधानसम्मत भएको तर्फ प्रस्ट्याएका छन्।

यीबाहेक दलित संगठनभित्रका फुट, ती संगठनहरुमै व्यक्तिवादी प्रवृत्ति हावी भइरहेको, दलित संगठन र संघसंस्थाहरुले राजनीतिक आस्था र दलविशेषप्रतिको आबद्धता त्याग्न नसकेका कारण दलित उत्पीडनसँग जोडिएको मानवीय र सामाजिक समस्या ओझेलमा परेको जस्ता कुराहरु पनि केही वैचारिक लेखहरुमा पढ्न पाइन्छन्। केही वैचारिक लेखहरुमा आ-आफ्नो दलित संगठनको स्तुतिगान र अरु संगठनलाई गर्ने गालीगलौज र लगाइने आरोप, लाञ्छना पनि देख्न पाइन्छ। दलित एकतामा जोड दिएर केही लेखहरु लेखिएका छन् र अझ केहीले सबभन्दा पहिले दलितभित्रैको छुवाछूत र हीनताबोधको अन्त्य हुनु पर्ने कुरा औंल्याएका छन्। दलित शब्द नै समानताको बाधक पो भयो कि भन्ने विषयमा तर्क-वितर्क पनि बेलावखत पत्रिकामा आउने गरेका छन्।

समग्रमा दलितसम्बन्धी वैचारिक लेखनमा विषयगत विविधता पाइन्छ। यी लेखकहरु गैर दलितभन्दा दलित नै बढी छन्। लेखकहरु कुनै निश्चित राजनैतिक पार्टीका नेता, दलित संघ-संगठनका माथिल्लो तहमा कार्यरत व्यक्तिहरु, दलित जनजाति आन्दोलनमा लागेकाहरु र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा दलित आन्दोलनमा लागेकाहरु छन्। वैचारिक लेखहरुमा गहिरो अध्ययन-अनुसन्धानको कमी देखिएको कारण सतहीपना भेटिन्छ। यसबाहेक अरुले लेखेको नपढ्ने बानीले

गर्दा पनि होला एउटै विचार र लेख बारम्बार दोहोरिइरहेको पाइन्छ। यसबाहेक एउटा राजनीतिक आस्था बोकेको पत्रिकामा प्रायः एउटै विचारका लेखहरु मात्र प्रकाशित हुने हुनाले एउटै पत्रिकाभित्र वैचारिक विविधताको अभाव जुन दलित आन्दोलनको लागि महत्त्वपूर्ण हुन्छ, खट्किएको पाइन्छ। साथै पूर्वाग्रही विचारधाराले वास्तविक दलित उत्पीडनका मानवीय र सामाजिक समस्याहरुलाई ओझेलमा पारेको देखिन्छ।

●